धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

फोन : ०१०-४०११९३
इमेल: dhunibeshikrishi@gmail.com

प.सं.२०८२/८३
च.नं.

# प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमको लागी प्रस्ताव आव्हान सम्बन्धी सुचना

सूचना प्रकाशित मितिः २०८२/०८/०१ गते

धुनिवेशी नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत संघीय सर्सत तर्फको वार्षिक कार्यक्रम अनुसार प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा यस नगरपालिका भित्रका कृषक, कृषि फार्म कृषि सहकारीहरुवाट प्रस्ताव आव्हानको लागी यो सुचना प्रकाशन गरिएको छ।

स्वीकृत कार्यविधि प्रदेश तथा स्थानीय तहमा सर्सत वित्तिय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को दफा १२ को मापदण्ड अनुसार संचालन हुने भएकाले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र निम्न अनुसारको कागजात सहित यस नगरको कृषि विकास शाखामा आवेदन र प्रस्ताव सहित पेश गर्नुहुन सुचित गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएको प्रस्ताव छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक कागजातहरुः

१. कार्यक्रममा सहभागी हुनपाँउ भन्ने निवेदन र प्रस्ताव पत्र

२. जग्गा धनि पूर्जा र नागरिकताको प्रतिलिपि/ भाडामा जग्गा हो भने जग्गा धनीको नागरिकता, पूर्जा र कम्तिमा १० वर्षको करार सम्झौतापत्र

३. फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि करचुक्ता, स्थायी लेखा नं. (कृषकको हकमा आवश्यक पर्ने छैंन)

४. सहकारी तथा समुहको हकमा वैठकको निर्णय, दर्ता, प्रमाणपत्र, प्यान, करचुक्ता र आ.व. २०८१/८२ सम्मको अडिट रिर्पोट

५. कार्यक्रम छनौट भएपछी कम्तिमा ५ वर्ष कार्यक्रम निरन्तर रुपमा गर्नेछु भनी प्रतिवद्धता पत्र साथै सोही प्रकृतिको कार्यक्रम अन्य कार्यालयबाट ५ वर्ष यता प्राप्त नगरेको

६.आवश्यक थप जानकारी लिनु परेमा धुनिवेशी नगरपालिकाको कृषि विकाश शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner